नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष २ ● अंक २६५ ● २०८१ साल श्रावण २९ गते मंगलबार ● Tuesday 13, August 2024 ● सूर्योदयः बिहान ५:३५ बजे ● सूर्यास्तः साँझ ६:४५ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218


## अग्रवालको मुद्दा अदालतमा पेश

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका व्यवसायी निरञ्जन अग्रवालको नागरिकता प्रकरणमा अनुसन्धान सकेर पर्सा प्रहरीले सरकारी वकिलमार्फत अदालतमा फाइल पेश गरेको छ ।

फाइल पेश भएसँगै थुनछेक बहस शुरु भएको र मंगलबार अग्रवालविरुद्धको मुद्दामा थुनछेक बहस हुने प्रहरीले जनाएको छ । झुटो विवरण दिई नागरिकता लिएको तथा सवारी चालक अनुमति पत्र किर्ते गरेको आरोपमा उनलाई पर्सा प्रहरीले साउन १६ गते पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाएको हो ।

## रौतहट ग्राण्डी हस्पिटलका नाममा जैसवालको ठगीधन्दा




**सञ्जय मिश्रा**
**रौतहट ।**
गौर–चन्द्रिगाहपुर सडकखण्डको मध्यभाग गरुडाछेउ झाँझ पुल अगाडि सञ्चालित ग्राण्डी हस्पिटलले उपचारका नाउँमा ठगी धन्दा शुरु गरेको छ । आँखासम्बन्धी पढाई गरेका संजीव जैसवाल जेनरल फिजिसियन डाक्टर बनेर उपचारका नाममा सर्वसाधारणलाई लुटिरहेको पाइएको छ ।साधारण चोटपटक लाग्दा चेकजाँचका नाममा तथा विभिन्न उपचारका नाममा बिरामी भर्ना गरेर जैसवालले हजारौँ रुपैयाँ लुटिरहेको पीडितहरुले बताए ।

आफूलाई डाक्टर बताउने जैसवाललाई साधारण एक्सरेसमेत हेर्न नआउने एक घटनाले पुष्टि गरेको छ । केही समयअघि कटहरिया–६ फत्तेपुरका ४५ वर्षीय सुरेन्द्र प्रसाद जैसवाल सामान्य दुर्घटनामा परेर उपचारका लागि रौतहट ग्राण्डी हस्पिटल एवम् आइकेयर सेन्टर गएका थिए ।

हस्पिटल सञ्चालक जैसवालले चोट लागेको ठाउँ घुँडाको एक्सरे गरेर उपचार शुरु गरेका थिए ।साधारण चोट हो, केही गर्नु पर्दैन भन्दै उनले बिरामीको उपचार शुरु गरेका थिए । केही समयपछि एक्सरेको फोटो खिचेर अर्का एकजनालाई ह्वाट्स एपमा पठाउँदा घुँडाको पूरै हड्डी टुक्राटुक्रा भएको परामर्श आयो । अपरेसन गरेर स्टिल हाल्नुपर्ने सुझाव आयो ।

यसपछि उनलाई त्यहाँबाट डिस्चार्ज गरी सूर्या अस्पताल वीरगंज पठाउँदा घुँडाको हड्डीमा कतै नभाँच्चिएको र साधारण चोट लागेको देखिएको थियो । बिरामी सुरेन्द्रले एक्सरे हेर्न नआउने हस्पिटल सञ्चालक आफूलाई डाक्टर बताउने जैसवालले झण्डै जीवनसँग खेलवाड गरेको भन्दै गुनासो गर्छन् । सुरेन्द्र त एउटा उदाहरण मात्र हुन्, रौतहट ग्राण्डी हस्पिटलमा बिभिन्न डाक्टरका नाम देखाएर यसरी नै बिरामीको जीवनसँग खेलवाड गर्नुका साथै सर्वसाधारणको उपचारका नाममा लाखौँ रुपैयाँ लुटिरहेको पीडितहरुले बताए ।

स्थानीय निकायको निर्वाचनपछि यस्ता अस्पतालको गतिविधिमा निगरानी गर्ने, अनुगमन निरीक्षण गर्ने अधिकार सम्बन्धित पालिकालाई दिइएको छ ।

# विदेश सचिव फर्किएपछि के भन्यो भारतले ?

**मधेशदृष्टि**
**वीरगंज ।**
परराष्ट्रष्ट सचिव सेवा लम्सालको निमन्त्रणमा दुईदिने औपचारिक नेपाल भ्रमणमा आएका भारतीय विदेशमन्त्री विक्रम मिस्री सोमबार फर्किएका छन् । आइतबार नेपालको पहिलो औपचारिक भ्रमणमा आएका उनले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासहितका नेताहरूसँग संवाद गरेका थिए ।

नेपाल सरकारका विभिन्न मन्त्री र समकक्षी लम्सालसँग पनि संवाद गरेर उनी नयाँ दिल्ली फर्किएपछि भारतीय विदेश मन्त्रालयले भनेको छ, 'नेपालसँगको सम्बन्ध जनस्तरसम्मै बलियो भएको छ ।'

भेटघाटक्रममा दुवै पक्षले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत तथा जनता–जनताबीचको सम्बन्धमा गाँसिएको भारत र नेपालबीचको गहिरो र मैत्रीपूर्ण सम्बन्धमाथि जोड दिएको विदेशमन्त्रालयले जनाएको छ । मन्त्रालयले थपेको छ, 'दुवै पक्षले हालैको वर्ष द्विपक्षीय सहकार्य विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्र काम गरिरहेका छन् । भौतिक पूर्वाधार, डिजिटल, ऊर्जा र जनता–जनताबीचको सम्बन्धमा हाँसिल उल्लेखनीय प्रगति भएको छ, यसमा नेपाल र भारत दुवै पक्ष सन्तुष्ट पनि छन् ।'

सडक, पुल, एकीकृत जाँच चौकी, अन्तरदेशीय रेल्वे साथै पेट्रोलियम पाइपलाइनसम्बन्धी पूर्वाधार परियोजनाको निरन्तर विस्तारमा दुई पक्षले समीक्षा गरेको विदेश मन्त्रालयले जनाएको छ । दुवै पक्षले ऊर्जा सहकार्यको क्षेत्रमा पारस्परिक लाभदायी साझेदारीमा भएको प्रगतिमा भने एक अर्काको प्रशंसा गरेका छन् । 'पछिल्ला वर्षहरुमा ऊर्जा सहकार्यको क्षेत्रमा उल्लेख्य प्रगति भएको छ,' विदेश मन्त्रायले भनेको छ, 'पछिल्लो २–३ वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत् निर्यातमा बढोत्तरीले नेपालका लागि आम्दानी र भारतका लागि स्वच्छ ऊर्जाका थप स्रोतहरूको सिर्जना गरेको छ ।' सन् २०२६ मा नेपाललाई अतिकम विकसित राष्ट्र (एलडिसी) को हैसियतबाट स्तरोन्नति गर्न ऊर्जा क्षेत्र सहकार्यले खेलेको भूमिकाबारे पनि दुई देशबीच छलफल भएको भारतीय विदेश मन्त्रालयको नोटमा उल्लेख छ ।

भारतले विदेश सचिवको भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिनुका साथै द्विपक्षीय सम्बन्धलाई अघि बढाउन मद्दत गरेको बताएको छ ।



१.भारतका विदेश सचिव श्री विक्रम मिस्रीले नेपालका परराष्ट्र सचिव श्री सेवा लम्सालको निमन्त्रणामा मिति २०८१ श्रावण २७ गतेदेखि २८ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । गत महिना विदेश सचिवको रुपमा कार्यभार सम्हालेपछि यो उहाँको पहिलो नेपाल भ्रमण हो ।

२. विदेश सचिवले आज आफ्ना नेपाली समकक्षीलाई भेट्नुभयो । उहाँहरुबीच भएको बृहत छलफलले भारत र नेपालबीचको बहुआयामिक सहकार्यका विभिन्न पक्षलाई समेटेको थियो । दुवै सचिवले विभिन्न द्विपक्षीय पहल र विकास परियोजनाहरुमा भएको प्रगतिको समीक्षा गर्नुका साथै थप सहकार्यका लागि अवसरहरुबारे छलफल गर्नुभएको थियो । नेपालका परराष्ट्र सचिवले भ्रमणमा रहेका भारतीय प्रतिनिधिमण्डलका लागि दिवाभोजको पनि आयोजना गर्नुभएको थियो ।

३. विदेश सचिवले हिजो नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

दुवै राष्ट्रपति तथा प्रधानमन्त्रीलाई भारतका नेतृत्वको तर्फबाट शुभकामना व्यक्त गर्दै उहाँले दुई देशबीचको द्विपक्षीय सहकार्यका विविध पक्षहरुमा भइरहेको प्रगतिका बारेमा पनि जानकारी गराउनुभयो ।

४. विदेश सचिवले आज माननीय उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री श्री प्रकाशमान सिंह, माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल, माननीय गृहमन्त्री श्री रमेश लेखक र माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग शिष्टाचार भेटवार्ता गर्नुभयो । यी भेटहरुमा विविध पारस्परिक लाभदायी क्षेत्रमा भारत–नेपाल सहकार्यलाई थप सुदृढ गर्ने तरिकाबारे छलफल भयो ।

५.भेटघाटका क्रममा दुवै पक्षले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत तथा जनता–जनताबीचको सम्बन्धमा गाँसिएको भारत र नेपालबीचको गहिरो र मैत्रीपूर्ण सम्बन्धमाथि जोड दिए ।

दुवै पक्षले हालैको वर्ष द्विपक्षीय सहकार्य विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्र जस्तै भौतिक, डिजिटल, ऊर्जा र जनता–जनताबीचको सम्बन्धमा हासिल उल्लेखनीय प्रगतिमा सन्तोष व्यक्त गरे जुन सडक, पुल, एकीकृत जाँच चौकी, अन्तरदेशीय रेल्वे साथसाथै पेट्रोलियम पाइपलाइनसम्बन्धी पूर्वाधार परियोजनाको निरन्तर कार्यान्वयनमा प्रकट भएको छ ।

६. दुवै पक्षले ऊर्जा सहकार्यको क्षेत्रमा पारस्परिक लाभदायी साझेदारीमा भएको प्रगतिको प्रशंसा गरे । पछिल्ला वर्षहरुमा ऊर्जा सहकार्यको क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । यस सन्दर्भमा पछिल्लो २–३ वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातमा भएको बढोत्तरीले नेपालका लागि आम्दानी र भारतका लागि स्वच्छ ऊर्जाका थप स्रोतहरुको सिर्जना गरेकोमा दुवै पक्षले खुशी व्यक्त गरे । सन् २०२६ मा नेपाललाई अतिकम विकसित राष्ट्र (एलडिसी) को हैसियतबाट स्तरोन्नति गर्नमा ऊर्जा क्षेत्र सहकार्यले खेलेको भूमिका उपर पनि छलफल भयो ।

७. विदेश सचिवले अन्य वरिष्ठ राजनीतिक नेताहरुका साथै नेपालका नागरिक समाजका सदस्यहरुसँग पनि भेटघाट गर्नुभयो ।

८. भ्रमणका क्रममा शहरी विकास मन्त्रालयका सचिव श्री मणिराम गेलालसँगै विदेश सचिवले काठमाडौँको पुरानो शहरको मुटुमा रहेको रक्तकालीमा प्रख्यात नेपाली कवि केशरी चित्तधर 'हृदय'सँग सम्बद्ध ऐतिहासिक आवासीय भवन 'नेपाल भाषा परिषद्'को पनि संयुक्त रुपमा उद्घाटन गर्नुभयो । २०७२ सालको विनाशकारी भूकम्पपछि भारत सरकारको सहयोगमा अघि बढाइएका २८ वटा सांस्कृतिक क्षेत्र पुनर्निर्माण परियोजनामध्ये यो एक हो ।

९. छिमेकी पहिलो नीति अन्तर्गत नेपाल भारतको प्राथमिकतामा पर्ने साझेदार हो । विदेश सचिवको भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिनुका साथै हाम्रा द्विपक्षीय सम्बन्धलाई अघि बढाउन मद्दत गरेको छ ।

**नयाँ दिल्ली**
**२०८१ श्रावण २८**

## मधेश सरकारविरुद्ध युवाविद्यार्थीको सिट्टी जुलुश




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीयताविरोधी गतिविधिमा लागेको भन्दै चरणबद्ध आन्दोलन घोषणा गरेको जनता समाजवादी पार्टी नेपालनिकट युवा विद्यार्थीले सोमबार जनकपुरधाममा सिट्टी जुलुश प्रदर्शन गरेको छ । जम्बो मन्त्रिमण्डल गठन गरी संघीयता बदनाम गर्ने प्रयास गरेको, बिगतका सरकारले स्थापना गरेको मधेशको गौरवका योजना ध्वस्त पार्ने प्रयास गरिरहेको भन्दै युवा विद्यार्थीले विरोध प्रदर्शन गरेका हुन् ।

जनमत पार्टी नेतृत्वको सरकारले संघीयताबिरोधीको इशारामा संघीयता नै समाप्त पार्ने प्रयास गरिरहेको भन्दै आन्दोलनकारीले मधेश प्रदेशका मुख्यमन्त्रीको राजीनामासमेत माग गरेका थिए । जनक चोकबाट शुरु भएको प्लेकार्डसहितको सिट्टी जुलुश भानु चोक हुँदै मुख्यमन्त्री कार्यालयको मुलद्वार पुगेर सम्पन्न भएको थियो ।

जुलुश मुख्यमन्त्री कार्यालयको मुलद्वार पुग्दा प्रहरीसँग केहीबेर घम्साघम्सी भएको थियो । मिल्स एरियामा प्रहरीले लगाएको सुरक्षा घेरा तोड्दै आन्दोलनकारी रेल्बे ट्र्याकसम्म पुगेका थिए । कार्यक्रम समापन गर्दै समाजवादी युवा संघ धनुषाका अध्यक्ष दिपु कापरले जनताबिरोधी गतिविधिमा संलग्न मुख्यमन्त्री सिंहलाई तत्काल राजीनामा दिन माग गरे । चरणबद्ध आन्दोलनअन्तर्गत मंगलबार मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम छ ।


नेशनल मेडिकल कलेज शिक्षण अस्पताल
बीरगंज-१५ पर्सा (नेपाल)

नेशनल मेडिकल कलेज शिक्षण अस्पताल
बीरगंजको सूचना

यहि आँउदो २०८१ भदौ १ गते देखि यस नेशनल मेडिकल कलेज शिक्षण अस्पताल, बीरगंजमा नेपाल सरकारको विपन्न नागरिक औषधी उपचार सेवा अर्न्तगत मुटु (हृदय) रोग, हेड तथा स्पाईन ईन्जुरी समेतका बिरामीहरुको उपचारमा रु. १,००,००० (एक लाख) सम्म उपचार खर्च सहुलियत नेपाल सरकारबाट प्रदान गरिने छ । उक्त सहुलियतको लाभ उठाउन सम्पूर्ण सर्व साधारणमा अनुरोध छ ।

सम्पर्क नं.:०५१-५९१०१४, ५९१३२०
ईमेल: nmc@nmcbir.edu.np

नेशनल मेडिकल कलेज शिक्षण अस्पताल,
परिवार



051-591014,591320 nmc@nmcbir.edu.np nmcbir.edu.np


## सिमलताल घटनाका पीडित परिवारलाई कागजात आह्वान

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले चितवन, भरतपुर महानगरपालिका–२९ सिमलतालनजिकै पहिरोमा परेर हराइरहेको एञ्जल डिलक्स बसमा सवार मृतक तथा बेपत्ताका परिवारलाई राहतका लागि आवश्यक कागजात पेस गर्न अनुरोध गरेको छ ।

प्रशासनले सोमबार सार्वजनिक सूचना जारी गर्दै चार स्थानीय तहलाई आफ्नो पालिकाका मृतक र बेपत्ता भएका परिवारलाई राहत रकमका लागि आवश्यक कागजातसहित सिफारिस गर्नसमेत अनुरोध गरेको हो । असार ३१ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले बाढीपहिरो जस्ता विपद्जन्य घटनाका कारण बेपत्ता भई घटना भएको १० दिनसम्म पनि फेला पर्न नसकेको यकिन भएमा विपद्बाट पीडित व्यक्तिका परिवारलाई मृतकसरह राहत उपलब्ध गराउने निर्णय गरेअनुसार आवश्यक प्रक्रियाअघि बढाएको कार्यालयले जनाएको छ । एञ्जल बसमा पर्सा जिल्लाका चार पालिकाका १० जना परेका थिए । वीरगंज महानगरपालिका, बहुदरमाई, पर्सागढी नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाका स्थानीय घटनामा परेका हुन् ।

एञ्जल बसमा पर्साबाट सुजितकुमार साह, ओमहरि यादव, रैफुल आलम, जवाहीर महतो, हरिन्द्र पण्डित, हृदयनारायण राउत, भगवती देवी, चन्द्रप्रभाकुमारी चौधरी, सलिम मियाँ, सैनफ खातुनसहित १० जना थिए । प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले मृतक तथा बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत रकम लिन चारवटै पालिकालाई आवश्यक कागजातसहित सिफारिस गर्न अनुरोध गरिएको जानकारी दिए ।

कार्यालयले राहतका लागि मृतक तथा बेपत्ता व्यक्तिको परिवारका तर्फबाट निवेदन, सम्बन्धित वडा कार्यालयको किटानी सिफारिस आवश्यक पर्ने जनाएको छ । यस्तै, मृतकको नागरिकता र मृत्यु दर्ताको प्रमाणपत्रको छायाप्रति, मृतकसँगको नाता प्रमाणित र नाम थर फरक परेकामा सो को किटानी वडा सिफारिसको कागजात आवश्यक पर्ने जनाएको छ ।

यस्तै, राहत बुझ्ने मृतकको नजिकका हकदारको नागरिकताको प्रतिलिपि, निजको चेकबुक, स्थायी लेखा नम्बरको प्रतिलिपि र घटनास्थल प्रहरी सर्जमिन मुचुल्का तथा प्रहरी प्रतिवेदन पनि चाहिने बताइएको छ । नजिकको हकदार भन्नाले क्रमशः मृतकको पति वा पत्नी, छोरा वा छोरी, बुवा वा आमा, दाई वा भाईलाई जनाउने पनि कार्यालयले स्पष्ट पारेको छ ।

वीरगंजबाट काठमाडौँ जाँदै गरेको एञ्जल डिलक्स बसमा चालकसहित १७ नेपाली र आठ भारतीय नागरिक सवार थिए । बस असार २८ गते बिहान भरतपुर महानगरपालिका–२९ स्थित सिमलताल नजिकै भेलबाढीले बगाएर त्रिशुलीमा हराइरहेको छ । हराइरहेका केही व्यक्तिको शव भेटिए पनि अधिकांश अझै बेपत्ता छन् ।

## जसपा नेपालले चारमहिने अभियान चलाउने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले चारमहिने सङ्गठन विस्तार अभियान चलाउने भएको छ । पाँच लाख नयाँ सङ्गठित क्रियाशील सदस्य थप्ने लक्ष्यसहित पार्टीले भदौ पहिलो सातादेखि मङ्सिर मसान्तसम्म आधारभूत सङ्गठन निर्माण अभियान शुरू गर्ने योजना बनाएको हो । सङ्घ र प्रदेश सरकारबाट बाहिरिएको जसपा नेपालले सिँगो पार्टी पंक्ति चार महिनासम्म विशुद्ध सङ्गठन निर्माणमा होमिन लगाउन केन्द्रीय नेतृत्वलाई एक दिवसीय प्रशिक्षणसमेत दिएको छ । ललितपुरको महालक्ष्मीस्थान–६ सानोगाउँस्थित थसी ब्याक्वेटमा आइतबारदेखि जारी पार्टीको केन्द्रीय समिति बैठकको दोस्रो दिन सोमबार दुई सय १५ केन्द्रीय सदस्यलाई सङ्गठन निर्माण अभियानबारे प्रशिक्षण दिइएको हो ।केन्द्रीय सदस्यलाई प्रशिक्षण दिँदै अध्यक्ष उपेन्द्र यादवले आगामी चार महिनासम्म सङ्गठन निर्माण, विस्तार, शुद्धिकरण र सुदृढीकरण अभियानमा होमिन सम्पूर्ण पार्टी पंक्तिलाई निर्देशन दिए । 'जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण' नाम दिइएको अभियान व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन सक्रिय भएर लाग्न अध्यक्ष यादवले आह्वान गरे ।

सङ्गठनलाई चुस्तदुरुस्त र बलियो बनाउन, उत्पीडित समुदायको हकअधिकारको पैरबी गर्ने उद्देश्यले अभियान शुरू गर्न लागिएको उनको भनाइ थियो । 'यो केन्द्रीय समिति बैठकले आगामी अभियान सञ्चालन गर्न समयावधि निर्धारण गर्ने र केन्द्रीय सदस्यलाई जिल्ला, महानगर, नगरलगायत स्थानीय तहको अभियन्ताको रूपमा जिम्मेवारी दिएर पठाउँछौँ,' अध्यक्ष यादवले भने । देशव्यापीरूपमा जनपरिचालन अभियान, जसमा सदस्यता वितरण, सङ्गठन निर्माण र परिचालन, प्रशिक्षण, सेमिनार, गोष्ठी, जनसभालगायत आवश्यक कार्यक्रम तय भएको जसपा नेपालले जनाएको छ ।

*समझदार व्यक्तिले सारसले जस्तै होशियारीपूर्वक काम गर्नुपर्छ । स्थान, समय र आफ्नो क्षमता बुझेर कार्य सम्पन्न गर्नुपर्छ ।*
*–चाणक्य*

## सम्पादकीय

# भारतीय विदेश सचिवको नेपाल भ्रमण

*दुईदिने औपचारिक नेपाल भ्रमणमा आएका भारतीय विदेशमन्त्री विक्रम मिस्री भारत फर्किएका छन् । परराष्ट्र सचिव सेवा लम्सालको निमन्त्रणमा आइतबार नेपालको पहिलो औपचारिक भ्रमणमा आएका उनले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसँग भेटे । नेपाल सरकारका विभिन्न मन्त्रीसँग पनि भेट । समकक्षी लम्सालसँग पनि संवाद गरे । उनी नयाँ दिल्ली फर्किएपछि भारतीय विदेश मन्त्रालयले नेपालसँगको सम्बन्ध जनस्तरबाटै सुधार भइरहेको र बलियो भन्दै गइरहेको प्रतिक्रिया दिएको छ । दुई देशको ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत तथा जनता–जनताबीचको सम्बन्धमा गाँसिएको गहिरो र मैत्रीपूर्ण सम्बन्धबारे पनि भारतले विज्ञप्ति नै निकालेर भनेको छ कि, 'दुवै पक्षले हालैको वर्ष द्विपक्षीय सहकार्य विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्र काम गरिरहँदा भौतिक पूर्वाधार, डिजिटल, ऊर्जा र जनता–जनताबीचको सम्बन्धमा हासिल उल्लेखनीय प्रगति भएका छन्, नेपाल र भारत दुवै पक्ष सन्तुष्ट पनि छन् ।' दुई देश, त्यसमा पनि भारतको पहिलो छिमेकी राष्ट्र नेपाल भएका हिसाबले उसले व्यक्त गरेको सन्तुष्टि नै महत्वपूर्ण विषय हो ।*

*पछिल्लो समय नेपाल चीनसँग नजिकिएको र भारतसँग जबर्जस्त टाढिन लागेको भन्दै भारतका विभिन्न कुटनीतिक नेताहरुले लेख्ने, बोल्ने गरेका छन् । चीनसँगको निकटताले भारतले आफ्नो छिमेकीबारे दृष्टिकोण बदल्नु पर्ने दिन आउने हो कि भनेर भारतीय कुटनीतिज्ञको प्रतिक्रियाले नेपाल–भारत सम्बधमा पक्कै कहीँ कतै दरार बढेको हो कि भन्ने सन्देश प्रवाह भएको छ । यस्तोबेला भएको दुई देशका कुटनीतिक तहको उच्चस्तरीय भ्रमणले नेपालले भारतीय प्रधानमन्त्रीलाई नेपाल भ्रमणको निम्तोसमेत दिने अवसर मिलेको छ । भारतमा लगातार तेस्रोपटक सत्तामा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणबारे पनि यो भ्रमण केन्द्रित रहेको छ । भारतीय विदेश सचिवले नेपालका उच्च तहका कम्तीमा सबैलाई भेटेर नेपाल भारत सम्बन्धलाई सुमधुर राख्ने प्रयासका लागि फेरि यो भ्रमण उल्लेख्य मान्नु पर्ने छ । उसो त भारतले सडक, पुल, एकीकृत जाँच चौकी, अन्तरदेशीय रेल्वे साथै पेट्रोलियम पाइपलाइनसम्बन्धी पूर्वाधार परियोजनाको निरन्तर विस्तारमा साथ दिइरहेको छ । यो विषयमा पनि दुवै पक्षले समीक्षा गरेका छन् । सन् २०२६ मा नेपाललाई अतिकम विकसित राष्ट्र (एलडिसी) को हैसियतबाट स्तरोन्नति गर्न ऊर्जा क्षेत्र सहकार्यले खेलेको भूमिकामा भारतको सहयोग महत्वपूर्ण रहन सक्नेछ । दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता मात्रै दिइएको छैन । नेपालमा बढिरहेको हिन्दू जनमतको पनि अपेक्षा भारतीय विदेश मन्त्रीको भ्रमणसँग केही जोडिएकै थियो ।*

*उसो त भारतसँग अलि सम्बन्ध सुमधुर बनाउन नसकेको आरोप प्रधानमन्त्री केपी शर्मा ओलीलाई एक दशकदेखि नै लाग्दै आएको छ । खास गरी २०७२ मा भूकम्पका बेला भएको नाकाबन्दी, पछि भारतसँग सम्बन्ध बिग्रने गरी चुच्चे नक्सा जारी, नेपालको संविधान जारी गर्ने बेलामा पनि मधेशी शक्ति असन्तुष्ट र भारतले पनि सबैलाई सम्बोधन नभएकाले संविधान जारी गर्न अझै परिपक्व समय नभएको हो कि भनेर दिएको सुझावमा नेपालका दलहरुले गरेको व्यवहारले नै भारतसँग सम्बन्धमा संशय आएको हो । यसैले यस्ता जटिल र कुटनीतिक विषयमा आगामी दिनमा दुई देश परिपक्व हिसाबले अघि बढ्न पनि यो भ्रमण महत्वपूर्ण हुने अपेक्षा छ ।*

# साउने सोमबार समापनः देशभरका शिवालयमा भक्तजन

सोमबार अर्थात्यो साउनको अन्तिम सोमबार पशुपतिनाथ मन्दिरसहित देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ ।साउन महिनाको हरेक सोमबार व्रत बसेर शिवको पूजा गर्दै आएका भक्तजनले हिजो विधिपूर्वक व्रत समाप्त गरे। साउनको सोमबारलाई भगवान् शिवको प्रिय बार मानिने भएकाले यस दिन व्रत बसेर पूजापाठ र दान गर्दा सुख प्राप्त हुनाका साथै परिवारमा शान्ति प्राप्त हुने धार्मिक विश्वास रहेको छ।

काठमाडौँ उपत्यकामा पशुपतिनाथसहित, गोकर्णेश्वर, सन्तानेश्वर, डोलेश्वर, किरातेश्वर, भालेश्वरसहित, काभ्रेपलाञ्चोकको साँगा, तनहुँको देवघाट, म्याग्दीको गलेश्वरलगायत शिवालयमा भक्तजनको बिहानदेखि घुइँचो लागेको छ।

**देवघाटमा ५० हजार भक्तजन**

तनहुँको धार्मिक तीर्थस्थल देवघाटमा बोलबम मेला भर्न करिब ५० हजार भक्तजन आएको अनुमान गरिएको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले जानकारी दिनुभयो। तेस्रो सोमबार ३५ हजार, पहिलो र दोस्रो सोमबार २५–२५ हजार भक्तजन आएका उहाँले बताउनुभयो। चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थलमा रहेको देवघाटमा हरेक वर्ष साउनको सोमबार उत्सवका रुपमा मनाइने बोलबम मेलामा स्वदेश तथा विदेशबाट हजारौँ भक्तजन आउने गरेका निर्देशक बरालले उल्लेख गर्नुभयो। मेलामा स्नान गर्न आउने भक्तजनको सुरक्षाका लागि तनहुँ र चितवनतर्फ सुरक्षा सतर्कता बढाइएको देवघाट क्षेत्र विकास समितिले जनाएको छ।

**सप्तरीका शिवालयमा व्रतालुको घुइँचो**

सप्तरीमा रहेका शिव मन्दिरमा बिहानदेखि भक्तजनको घुइँचो लागेको थियो। विशेष गरी साउनको सोमबार व्रत बसेर समापन गर्नेहरुको घुइँचो लागेको स्थानीय रामनाथ यादवले बताउनुभयो ।साउनमा शिवजीको व्रत बस्नाले पारिवारिक सुख, समृद्धि, विद्या, धनलगायत शान्ति प्राप्त हुने विश्वास वैदिक शास्त्रमा उल्लेख गरिएकाले यहाँका शिव मन्दिरमा भक्तजनको घुइँचो लागेको उहाँले उल्लेख गर्नुभयो।

जिल्लाको राजविराज नगरपालिकास्थित हरिनन्देश्वर, महादेवा गाउँपालिकाको अकुरी, हनुमानगर कङ्कालिनी नगरपालिका–२ स्थित महादेव, शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ महादेवको मन्दिर तथा जिल्लाको वीरेन्द्र बजारबाट उत्तर चुरे पहाडमा अवस्थित शनिशिव धाममा भक्तजनको घुइँचो लागेको छ।

**सिद्धेश्वरमा वैदिक विधिपूर्वक विशेष**

अर्घाखाँचीको भक्तिटोला चुत्राबेँसीस्थित सिद्धेश्वर शिवालयमा साउनको अन्तिम सोमबार बिहानैदेखि वैदिक विधिपूर्वक विशेष पूजाआजा भएको छ । रुद्री तथा शिवजीको विशेष पूजामा सहभागी हुन जिल्लाका विभिन्न स्थानबाट आएका भक्तजनको मन्दिर परिसरमा घुइँचो लागेको मन्दिरका पुजारी पण्डित सुमन्तप्रसाद पोख्रेलले बताउनुभयो।

ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेको सिद्धेश्वर शिवालय मन्दिरमा स्फटिकको शिवलिङ्ग स्थापना गरी दैनिक वैदिक विधिपूर्वक पूजाआजा गरिँदै आइएको बताउँदै समापन गरिने मन्दिरका संरक्षक नारायणप्रसाद खनालले बताउनुभयो।

**गलेश्वर शिवालयमा एक लाख**

म्याग्दीको बेनी नगरपालिका–९ मा अवस्थित प्रसिद्ध धार्मिकस्थल गलेश्वर शिवालयमा साउन महिनामा मात्रै एक लाख बढी भक्तजनले दर्शन तथा पूजाआजा गरेका छन् । भगवान् शिवको पूजाआराधनाका लागि उत्तम मानिने साउने सोमबारमा गलेश्वर शिवालयमा म्याग्दीका साथै, पर्वत, बागलुङ, कास्की, तनहुँ, गोरर्खा, चितवन, बुटवल, भैरवा, काठमाडौँलगायत ठाउँबाट उल्लेख्य मात्रामा भक्तजनक आएका गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ।

साउनको चारवटै सोमबार भक्तजनको सुरक्षाका लागि सुरक्षाकर्मी र स्वयम्सेवक परिचालन गरेर लाइन व्यवस्थित गरी सहज पूजा गर्ने वातावरण मिलाइएको कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिनुभयो। बेनी–जोमसोम कोरला सडक हुँदै मुक्तिनाथ दर्शन गर्न हिँडेका भारतीय धार्मिक पर्यटकले समेत गलेश्वरको दर्शन गरेका उहाँले बताउनुभयो।

गत वर्ष मन्दिरमा पूजाआजा र दर्शन गर्न आएका भक्तजनले चढाएको भेटीबाट ५८ लाख ४० हजार पाँच सय १० रुपैयाँआम्दानी भएको कोषका सदस्यसचिव बलबहादुर खत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको साउन तेस्रो सोमबारसम्म गलेश्वर शिवलायमा रु १० लाख ७४ हजार सात सय ४७ भेटी सङ्कलन भएको छ। कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको विशाल चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ।



# एक लाख बढीद्वारा पशुपतिनाथ दर्शन

साउनको अन्तिम सोमबार पशुपतिनाथसहित देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ । पशुपतिनाथमा बिहान ४ बजेदेखि आएका दर्शनार्थी तथा बोलबम यात्रामा निस्केका एक लाख १५ हजार भक्तजनले दिउँसो १२ बजेभित्र दर्शन गरेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

अन्य दिनको तुलनमा आज दर्शनार्थीको घुइँचो बढेपछि सुरक्षाकर्मी एवम् स्वयम्सेवक खटाइएको विकास कोषले जनाएको छ । भक्तजनको सहजताका लागि बिहानैदेखि मन्दिरका चारै ढोका खुला गरिएको छ। दर्शनार्थीका सुरक्षाका लागि स्वयम्सेवक परिचालन, दर्शन सहजीकरण, स्वास्थ्य शिविर, खाने पानीलगायत व्यवस्थापन गरिएको प्रवक्ता अधिकारीले बताउनुभयो।

भगवान शिवजीको महिना र बार भएकाले पनि साउनको सोमबार पशुपतिनाथमा भक्तजनको घुइँचो लाग्ने गरेको विकास कोषका सदस्य सचिव डा. मिलनकुमार थापाले बताउनुभयो। थापाका अनुसार आज साउनको अन्तिम सोमबार भएकोले अघिल्ला सोमबारको तुलनामा बढी भक्तजन आएका हुन्।

'साउनमा पशुपतिनाथमा सुन्दरीजलबाट बोल बम यात्रा गरी जल चढाउने भक्तजनको भीड लाग्ने गर्दछ,' उहाँले भन्नुभयो, 'आज अन्तिम सोमबार भएकोले बोल बम यात्रा गरी सुन्दरीजलबाट शुद्ध जल ल्याएर पशुपतिनाथमा चढाउने र भारतबाट आएका भक्तजनका कारण घुइँचो बढेको हो।' आज काठमाडौँ उपत्यकाका पशुपतिनाथसहित, गोकर्णेश्वर, सन्तानेश्वर, डोलेश्वर, किरातेश्वर, भालेश्वरसहित, काभ्रेपलाञ्चोकको साँगा, तनहुँको देवघाट, म्याग्दीको गलेश्वरलगायतका मन्दिरहरुमा महादेवको पूजा आराधना गर्न भक्तजनहरुको भीड लागको छ।

● ● ●

## कृषि

# गड्यौलापालनबाट मासिक दुई लाख आम्दानी

**–टेकराज पोखरेल**
**नवलपरासी ।**

गैँडाकोटका किसान गोपिचन्द्र रिमालले गड्यौलापालनबाट मासिक दुई लाख रुपैयाँ आम्दानी गर्दै आउनुभएको छ । उहाँले तीन वर्षअघि गैँडाकोट–५ वैकुण्ठपथमा १२ वटा ब्याड निर्माण गरी गँड्यौलापालन सुरु गर्नुभएको हो । एक कठ्ठा क्षेत्रफलमा १२ वटा ब्याड निर्माण गरी तीन वर्षदेखि व्यावसायिक गँड्यौलापालन गर्दै आएको ६३ वर्षीय रिमालले बताउनुभयो । पछिल्लो दुई महिनामा तीन लाख ६० हजार रुपैयाँ आम्दानी भएको उहाँले जानकारी दिनुभयो ।

एउटा ब्याडमा गड्यौला राखेको दुई महिनामा मल तयार हुने भन्दै प्रतिब्याड ३० हजार रुपैयाँ आम्दानी भइरहेको रिमालले उल्लेख गर्नुभयो । प्रतिब्याडमा दुई ट्याक्टर मल, श्रमिकको ज्याला, प्याकिङका लागि प्लास्टिकसहित करिब १५ हजार रुपैयाँ लगानी हुने जनाउँदै दुई महिनाभित्र प्रतिब्याडबाट १२ क्विन्टलसम्म मल उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो ।

रिमालका अनुसार प्रतिकिलो २५ रुपैयाँका दरले गड्यौलाको मल बिक्री हुन्छ । 'मैले दुई किलो र पाँच किलोको 'प्याकेट' बनाएर प्रतिकिलो २५ रुपैयाँ का दरले बिक्री गर्दै आएको छु,' उहाँले भन्नुभयो, 'त्यसबाहेक खुला मल २५ किलो र ५० किलोको बोरामा राखेर बिक्री गरिरहेको छु ।' गैँडाकोटमा उत्पादित गड्यौलाको मल जिल्लाका अधिकांश एग्रोभेट, नर्सरीमा खपत हुने गरेको भन्दै केही गोरखा र चितवन जिल्लामा बिक्री गर्दै आएको किसान रिमालले जानकारी दिनुभयो । उत्पादन भएको एक वर्षसम्म गड्यौलाको मलमा विभिन्न १६ प्रकारका तत्व रहने भन्दै कृषकले एक वर्षसम्म मल प्रयोग गर्न सक्ने उहाँले बताउनुभयो ।

'किसानले गड्यौलाको मलको महत्व नबुझेकाले आफैँले गाडीमा राखेर पसलमा पु¥याउने गरेको छु,' रिमालले भन्नुभयो, 'गँड्यौलापालनबाट जीविकोपार्जनमा सहज भएको छ । मेहनत गरेअनुसार आम्दानी पनि भइरहेकाले खेतबारीमा काम गर्न रमाइलो लाग्छ ।' गड्यौलापालन भएको ठाउँमा टनेल निर्माण गरिएको भन्दै मनसुन सकिएपछि टनेल बाहिरसमेत गड्यौला पाल्ने योजना बनाएको उहाँले जानकारी दिनुभयो । 'अहिले हरेक १० दिनमा १२ क्विन्टल मल तयार हुने गरेको छ,' उहाँले भन्नुभयो, 'उत्पादित मल प्याकिङ गरेपछि आफैँले गाडीमा राखेर बिक्रीका लागि बजारमा लैजाने गरेको छु ।' पशुपालक किसानको फार्मबाट गाईको मल ल्याएर राखेको छ दिनसम्म मललाई बाहिर चिसो बनाइसकेपछि ब्याडमा राखी त्यसमाथि गड्यौला राखेपछि मल तयार हुने उहाँले उल्लेख गर्नुभयो ।

'ब्याडमा प्लास्टिक राखेपछि त्यसमाथि बाहिर चिसो बनाएको मल मिलाएर राख्नुपर्छ,' रिमालले भन्नुभयो, 'मल राखेपछि माथिबाट गँड्यौला राखेर जुटको बोराले छोप्नुपर्छ । बेलाबेलामा पानी छम्किँदै गएपछि मल तयार हुन सुरु हुन्छ ।' ब्याडमा मल राखेको ३० दिनपछि मल निकाल्न शुरु गरिने उल्लेख गर्दै उहाँले ६० दिनमा ब्याडको सबै मल निकालेर बिक्री गर्न तयार हुने जानकारी दिनुभयो । ब्याडबाट निकालिएको तयारी मललाई कृषि ज्ञान केन्द्र नवलपुरले ७५ प्रतिशत अनुदानमा दिएको मेसिनले छानेर प्याकिङ गरेपछि बजारमा पठाउँदै आएको रिमालको भनाइ छ ।

पोखराबाट ल्याएको तीन किलो गड्यौलाबाट व्यावसाय शुरु गरेको स्मरण गर्दै उहाँले कुनै औपचारिक तालिम नलिएको जानकारी दिनुभयो ।रिमालले भन्नुभयो, 'तीन वर्ष अघि प्रतिकिलो दुई हजार पाँच सयका दरले गड्यौला किनेर ल्याएको थिएँ । तालिम वा कुनै व्यावसायिक ज्ञान थिएन । युट्युब हेर्दै गँड्यौलापालनलाई अगाडि बढाएँ ।' अहिले गड्यौलापालन गर्न इच्छुक कृषकलाई प्रतिकिलो एक हजार पाँच सय रुपैयाँमा उपलब्ध गराउँदै आएको उहाँले बताउनुभयो । साथै कृषकलाई गड्यौलापालनसम्बन्धी तालिम निःशुल्क प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

फार्मबाट उत्पादित गड्यौलाको मललाई प्रयोगशालामा परीक्षण गर्दा माटोलाई आवश्यक पर्ने नाइट्रोजन, फसफोरस, पोटास, कपरसहित विभिन्न १६ तत्व भएको प्रमाणित भएपछि बजारमा पठाउन शुरु गरेको रिमालले जानकारी दिनुभयो । यहाँका कृषक तथा सङ्घसंस्थालाई गड्यौलाको मलबारे प्रशिक्षण दिएपछि गैँडाकोट इङ्लिस स्कुल, हुप्सेकोट गाउँपालिकाको झ्यालबास, मौलाकालिका मन्दिरलगायत स्थानमा व्यावसायिक गड्यौलापालन शुरु भएको उहाँले उल्लेख गर्नुभयो । रासस

## अन्तर्राष्ट्रिय

# थाइल्याण्डमा प्रधानमन्त्रीको पद जोखिममा

फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गर्ने निर्णयबारे यसै हप्ता आउने थाइल्याण्डको संवैधानिक अदालतको फैसलापछि प्रधानमन्त्री श्रेथा थाभिसिन पदमा रहन नसक्ने सम्भावना बढेको छ । यही अदालतले राज्यको प्रमुख प्रतिपक्षी दललाई विघटन गरी पार्टीका पूर्वनेता पिता लिम्जारोएनरातलाई एक दशकका लागि राजनीतिमा प्रतिबन्ध लगाएको एक सातापछि यो मुद्दाबारे फैसला आउन लागेको हो ।पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको परिवारसँग निकट रहेका वकिल पिचित चुएनबानलाई मन्त्रीमा नियुक्त गरेका कारण श्रेथामाथि नैतिकताको नियम उल्लङ्घन गरेको आरोप लागेको हो ।पिचितलाई सन् २००८ मा भ्रष्टाचारसम्बन्धी कसुरमा छ महिनाको जेल सजाय सुनाइएको थियो ।पिचितको नियुक्ति विवादित बनेपछि यसबाट प्रधानमन्त्री श्रेथालाई कुनै असर नपरोस् भनी उहाँले आफ्नो भूमिकाबाट राजीनामा दिइसक्नुभएको छ । तर संवैधानिक अदालतले अझै पनि सेनाद्वारा नियुक्त सिनेटरहरूको उजुरीको आधारमा शुरु भएको मुद्दाको सुनुवाइ गर्न सहमत भएको छ । बहुदलीय गठबन्धन सरकारको नेतृत्व गरिरहेको फेउ थाई पार्टीका श्रेताले पिचितको मुद्दामा थप अनुसन्धान भइसकेको बताउनुभएको छ ।स्थानीय सञ्चारमाध्यमका अनुसार प्रधानमन्त्री श्रेथा आफू पदमै रहेमा मन्त्रिमण्डल पुनर्गठनको सम्भावना रहेको बताउनुभएको छ ।यदि उहाँलाई पदबाट हटाइयो भने फेउ थाईले प्रधानमन्त्रीका लागि नयाँ उम्मेदवार मनोनयन गर्नुपर्नेछ ।

संवैधानिक अदालतले यसअघि पनि प्रधानमन्त्रीहरूलाई बर्खास्त गरिसकेको छ तर विश्लेषक थितिनान पोङसुधिराकले प्रधानमन्त्रीलाई पदच्युत गर्ने अपेक्षा आफूले नगरेको बताउनु भएको छ । 'मलाई लाग्छ उहाँ कारबाहीबाट जोगिनुहुनेछ किनभने उनको विकल्प सहज छैन,' पोङसुधिराकले भन्नुभयो । उहाँले पनि केही गलत गर्नुभएको छैन र मेहनती पनि हुनुहुन्छ ।गतवर्ष राजनीतिमा प्रवेश गरेका रियल इस्टेट डेभलपर श्रेथाले आफू सत्तामा आएदेखि नै उहाँको नीतिको महत्वपूर्ण विरोधको सामना गर्नुपरेको छ ।

जुनमा भएको सर्वेक्षणले अधिकांश थाईहरूले उहाँको एजेन्डालाई अस्वीकार गरेको देखाएको छ ।उहाँले लेस्बियन, समलिङ्गी, उभयङ्गी वा ट्रान्सजेन्डर भएका व्यक्ति(एलजिबिटिक्यू) समुदायको वर्षौंको वकालत पछि जुनमा लागू गरिएको विवाह समानताका लागि पक्षमा समर्थन गर्ने प्रतिज्ञा गर्नुभएको थियो ।भाङलाई पुनः अपराधीकरण गर्ने र चार करोडभन्दा बढी थाइहरूलाई १० हजार भाट (२८० अमेरिकी डलर) वितरण गर्ने उहाँको प्रस्तावले राष्ट्रियस्तर र उहाँको गठबन्धन दुवैमा विवाद निम्त्याएको छ ।पितालगायत आलोचकहरूले 'राजनीतिक दललाई ध्वस्त पार्ने हतियारको रूपमा गरिएको राजनीतिकरणमा अदालत' को प्रयोग नगर्न चेतावनी दिइरहेका बेला यो मुद्दा आएको हो ।युरोपेली सङ्घ, संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्रसङ्घ र मानव अधिकार समूहहरूले पिताको मुभ फरवार्ड पार्टी (एमएफपी) विघटन गर्ने अदालतको निर्णयको निन्दा गरेका छन् ।एमएफपीका बाँकी सदस्यहरूले सन् २०२७ मा हुने अर्को राष्ट्रिय निर्वाचनमा परिवर्तन ल्याउने महत्वाकांक्षाका साथ शुक्रबार 'द पिपुल्स पार्टी' नामक नयाँ अभियान शुरु गरेका छन् ।सन् १९३२ मा निरङ्कुश राजतन्त्रको अन्त्य भएयता थाइल्यान्डले दशकौँदेखि राजनीतिक अस्थिरताको सामना गर्दै आएको छ ।

# कन्टेनर नहटाइँदा भन्सारको 'यार्ड' भरिभराउ



**वीरगंज ।**
वीरगंजको सिर्सियास्थित सुक्खाबन्दगाह भन्सार कार्यालयको 'यार्ड'मा लामो समयसम्म खाली कन्टेनर नहटाइँदा व्यवस्थापनमा चुनौती थपिएको छ । कोभिड–१९ महामारीदेखिका खाली कन्टेनर रोटेसन नहुँदा भन्सार यार्डमा खाली कन्टेनरको चाङ देखिएको छ ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले बन्दगाहको भन्सार यार्डमा एक हजार पाँच सय ७६ खाली कन्टेनर हुँदा ठाउँ व्यवस्थापनमा समस्या भएको जानकारी दिए ।

'विशेष गरेर कोभिड महामारीको समयमा कार्गाे रेलले मालवाहक कन्टेनर छाडेर खाली र्याक रित्तै फर्किंदै गए । त्यही बेलादेखि थुप्रिएको खाली कन्टेनर अहिलेसम्म पनि यथावत रुपमा नै रहेका छन्' उनले भने, 'अहिले मालवाहक कन्टेनर सामान बोकेर आउने गर्छन् । जति सामान बोकेर आउँछन् । त्यत्ति नै खाली कन्टेनर बोकेर जाँदा पहिलाको खाली कन्टेनर यथास्थितिमा रहिरहने प्रवृत्ति देखिएको हो ।' कार्यालयका अनुसार दुई सय कन्टेनरमा भने लिलामी गर्नुपर्ने विभिन्न सामान तथा उपकरण रहेका छन् । प्रमुख भन्सार अधिकृत बरुवालले खाली रहेका कन्टेनर लैजानका लागि र्याक खाली भएको कार्गो रेल आउनुपर्ने बताए । 'कार्गो रेलले एकपटकमा कम्तीमा पनि ६० कन्टेनर ओसार्न सक्ने क्षमता रहन्छ' उनले भने, 'यहाँ रहेका खाली कन्टेनर हटाउनका लागि कम्तीमा पनि २० देखि ३० पटक खाली र्याक भएको कन्टेनर ल्याउनुपर्ने हुन्छ । खाली र्याकमात्र ल्याउँदा लागत खर्च धेरै लाग्ने भएकाले पनि व्यवसायी आनाकानी गर्दै आइरहेको देखिन्छ ।'

प्रमुख भन्सार अधिकृत बरुवालले नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टलाई खाली भएका कन्टेनर हटाउनका लागि छलफल गर्दै आइरहेको जानकारी दिए । सुक्खा बन्दरगाह भन्सार कार्यालयमा कन्टेनर भरिभराउ देखिए पनि अधिकांश खाली रहेको उनको भनाइ छ । 'बाहिरबाट हेर्दा भन्सार यार्ड भरिभराउजस्तै देखिन्छ । तर, रित्तो कन्टेनरका कारण यार्ड व्यवस्थापनमा पनि समस्या थपिरहेको छ' उनले भने । यहाँ विशेषगरी विशाखापट्टानम र कोलकाताबाट धेरै मालवाहक कन्टेनर आउने गर्छन् । सुक्खा बन्दरगाह ५७ बिघा क्षेत्रफलमा अवस्थित छ । यो यस्तो खालको बन्दरगाह हो, जहाँ कार्गाे रेलबाट मात्र मालसामान ल्याउने गरिन्छ । यो सन् २००० विश्व बैंकको ऋण सहयोगमा ८२ करोड रुपैयाँ लागतमा निर्माण गरिएको हो । भारत सरकारको २० करोड रुपैयाँ लागतमा रक्सौलबाट बन्दरगाहसम्म रेल लिङ्क निर्माण गरिएको हो ।

अहिले सुक्खा बन्दरगाह व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ । नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षका लागि तीन अर्ब ३३ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ । प्रिष्टिनले सुक्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औसतमा वार्षिक ६६ करोड रुपैयाँ समितिलाई उपलब्ध गराउने गर्छ । रासस

# मेयरद्वारा निःशुल्क ग्यास सिलिन्डर वितरण



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको दक्षिणी भेग परोहा नगरपालिकाका मेयर शेख वकिलले दुई हजार बढी परिवारलाई निःशुल्क ग्याँस सिलिन्डर वितरण शुरु गरेका छन् । गरिबसँग मेयर कार्यक्रम अन्तर्गत अती बिपन्न, गरिब तथा दलीत परिवारलाई निःशुल्क ग्याँस सिलिन्डर तथा चुल्हो वितरण शुरु गरिएको हो । सोमबार परोहा नगरक्षेत्र अन्तर्गत लौकाहा विद्यालयको प्रांगणमा ग्याँस चुल्हो, सिलिन्डर र लाइटरसमेत वितरण गरिएको छ ।

परोहा नगरपालिकामा दोस्रो पटक मेयर पदमा निर्वाचित भएका शेख वकिलले गरिब असहाय तथा दाउरा किन्न नसकने परिवारलाई नगरको लगानीबाट ग्याँस सिलिण्डर तथा चुल्हो वितरण शुरु गरिएको बताए ।

एक कार्यक्रमको आयोजना गरी मेयर शेख वकिल र उपमेयर सुगांधी देवी गिरीले संयुक्त रूपमा वितरण शुरु गरेका थिए । पहिलो चरणमा दुई हजार ३० परिवारलाई वितरण गरिने योजना रहेको प्रमुख प्रशासकीय अधिकृत महमद महफुज अहमदले जानकारी दिए । वितरण कार्यक्रममा प्राविधिक शाखा प्रमुख ईन्जिनियर दिपेन्द्र यादव, नेपाली कांग्रेसका स्थानीय नेता शेख जुमाईलगायत वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# महायज्ञबाट 'हाम्रो माया घर' लाई डेढ करोड

**मधेशदृष्टि**
**महोत्तरी ।**
'हाम्रो माया घर' निर्माण सहयोगार्थ बर्दिवासमा जारी शिवपुराण महायज्ञमा श्रदालुहरुको सहभागिता र उत्साहजनक दानले आयोजक निकै उत्साहित भएका छन् ।

नेपालको चर्चित कथावाचिका राधिका दासीले निशुल्क रुपमा कथावाचन गरेर भक्तजनहरु रसामृत गरिहेका छन् । र, यसमा विभिन्न संघ संस्थाहरुबाट उल्लेख्य सहयोग जुटिरहेको छ । विभिन्न व्यक्ति, होटल व्यवसायी, समाजका चर्चित व्यक्तित्वलगायतबाट पाइरहेको आर्थिक सहयोगमा शिवपुराणका संयोजक हिरा गौतम खुसी व्यक्त गर्छन् । सोमबार बेलुकासम्म एक करोड ५७ लाख रुपैयाँ रकम सहयोग संकलन भएको महापुराणका सचिव चेता कुमार थापाले जानकारी दिए । महोत्तरी क्षेत्र नं. १ का निर्वाचित सांसद लक्ष्मी कुमार महतोले संसदीय कोषबाट एक करोड दिने र २ तल्ले भवन निर्माणमा ७२ हजार इट्टा सहयोग गर्ने प्रतिबद्धता गरेका छन् ।

# गहवामाई मन्दिर परिसरमा सरसफाइ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको माइस्थानस्थित गहवामाई मन्दिर परिसरमा सरसफाइ गरिएको छ । प्रहरी साझेदारी कार्यक्रम अन्त्रगत नेपाल प्रहरी श्रीमती संघको ४०औँ वार्षिकोत्सवको अवसरमा सोमबार मन्दिर परिसरमा सरसफाइ गरिएको हो । जिल्ला प्रहरी कार्यालय पर्सा र ग्रिनसिटी सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा सरसफाइ गरिएको हो । गहवामाई मन्दिर परिसरमा भएको सरसफाइ कार्यक्रममा नेपाल प्रहरीसँगै सामुदायिक सेवा केन्द्रका पदाधिकारी एवम् सदस्यलगायतको सहभागिता रहेको सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए ।

सो अवसरमा गहवामाई मन्दिर पछिल्लो समय धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास हुँदै गइरहेकोमा खुशी व्यक्त गर्दै जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुंगेलले मन्दिरलाई व्यवस्थित बनाउनुपर्ने र सफा राख्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा प्रहरी निरीक्षक रोशन थापा, वीरगंज महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फुदिन मिया, ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान, रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुंगटासमेत सहभागी थिए ।

**अन्तर्राष्ट्रिय युवा दिवसमा सरसफाइ कार्यक्रम**

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा सोमबार वीरगंजमा सरसफाइ कार्यक्रमको गरिएको छ । रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिस र इन्ट्रेक्ट क्लब अफ जीवन ज्योति स्कूलले संयुक्तरुपमा सरसफाइको आयोजना गरेको हो ।

वीरगंज महानगरको वडा नम्बर ९ स्थित गणेश मन्दिर वरपर सरसफाइ गरिएको आयोजक समितिले जानकारी दिएको छ । रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिस र इन्ट्रेक्ट क्लब अफ जीवन ज्योति स्कुलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष अनिल जयसवाल, इन्ट्रेक्ट क्लब अफ जीवन ज्योति स्कुलका अध्यक्ष ममता चौहानसहितको सहभागीता रहेको थियो ।

# ७१ लाख बराबरको सामान बरामद

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ७१ लाखभन्दा बढीको सामान बरामद गरेको छ । बाराको पथलैयाबाट प्रहरीले ७१ लाख ६७ हजार बराबरको भन्सार छलीका विभिन्न सामानहरु बरामद गरेको जनाएको छ । बाराको अमलेखगंजबाट खटिएको प्रहरीको टोलीले सोमबार चितवनतर्फ जाँदै गरेको ट्रकबाट स्रोत खुलाउन नसकेका र सपोटिङ बिल नभएका सामानहरु बरामद गरिएको हो । वीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना ३ ख ३९५० नम्बरको ट्रकबाट प्रहरीले कस्मेटिक सामान, रेडिमेट कपडा, मिल पार्टससहित खुद्रा सामान बरामद भएको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले बताए । उनका अनुसार भन्सार छलीका सामान र ट्रक आवश्यक कारबाहीका लागि पथलैया राजश्व कार्यालयमा पठाइएको छ ।

# स्थानीय तहमा खाद्य तथा पोषण कार्यक्रम विस्तार

**जनकपुरधाम ।**
मधेश प्रदेशको थप चारवटा स्थानीय तहमा बाढी प्रभावितका लागि सङ्घीय सरकारद्वारा खाद्य तथा पोषण सुरक्षा कार्यक्रम विस्तार गरिएको छ । विश्व बैङ्कको सहयोगमा उक्त कार्यक्रम विस्तार गरिएको हो । मधेश प्रदेशको चारवटा जिल्लामा सो कार्यक्रम कार्यान्वयनमा थियो । हालै धनुषा र महोत्तरीको बाढी प्रभावित गाउँपालिकाका गरिब तथा विपन्न किसानलाई लक्षित गरी कार्यक्रम विस्तार गरिएको हो ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लस्टर एकाइ धनुषाका वरिष्ठ कृषि विकास अधिकृत युगलकिशोर तिवारीका अनुसार महोत्तरीको सम्सी, सोनमा र धनुषाको वटेश्वर तथा जनकन्दनी गाउँपालिकामा कार्यक्रम विस्तार गरिएको छ । दोस्रो चरणमा छनौट भएका उक्त पालिकामा यही साउनदेखि कार्यक्रम कार्यान्वयनमा आइसकेको छ ।

यसअघि पहिलो चरणमा धनुषाका मुखियापटी मुसरनिया, धनौजी तथा महोत्तरीको पिपरा एकडारा गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि अधिकृत तिवारीले बताउनुभयो ।

सप्तरी तथा सिरहामा पनि कार्यक्रम सञ्चालन भइरहको छ । कार्यक्रम विश्व बैङ्कको अनुगमन, खाद्य तथा कृषि सङ्गठनको प्राविधिक सहयोग, ग्लोबल एग्रिकल्चर फुड सेक्युरिटी कार्यक्रमको आर्थिक सहयोगमा सङ्घीय सरकारले ल्याएको उनले जानकारी दिए । रासस

# निःशुल्क दन्तशिविर सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको श्रीपुरस्थित चिल्ड्रेन वल्ड स्कूलमा निःशुल्क दन्त शिविर सम्पन्न भएको छ ।

सोमबार चिल्ड्रेन वल्ड स्कूलमा ६ वटा लायन्स क्लबको सहकार्यमा कक्षा ७, ८ र ९ का ७० जना विद्यार्थीलाई दाँतको चेकजाच गरिएको लायन्स क्लव परिवारका अध्यक्ष भानुभक्त अधिकारीले जानकारी दिए । लान्यन्स क्लव एक्सीलेन्सका अध्यक्ष डाक्टर मनोज कुमार उपाध्यायसहित ५ जना डाक्टरको टोलीले दाँतको चेकजाँच गरेका थिए । कार्यक्रममा डिस्ट्रिक ३२५९ का सेकेण्ड भिडिजी लायन रामबिहारी पाण्डे, एरिया चिफ श्याम गुत्ता, डिस्टिक अजष रिकेश साह, जोनचेयर पर्सन लायन संदीप गुप्ता, संजीता प्याकरेल, लायन क्लव सहभोगीका अध्यक्ष डा. चितरन्जन साह, स्कूलका प्रिन्सिपल, शिक्षकलगायत अन्य लायन्सहरुको सहभागिता रहेको थियो ।

# भौतिक पूर्वाधार विकासमा मन्त्रीको जोड



**सञ्जय मिश्रा**
**रौतहट ।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री शुनिल कुमार यादव (जितेन्द्र)ले भौतिक पूर्वाधार विकास निर्माणमा जोड दिने प्रतिवद्धता जनाएका छन् ।

गृह नगर रौतहटको फतुवा बिजयपुरमा कार्यकर्ता भेट्घाट कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री जितेन्द्रले उक्त प्रतिवद्धता जनाएका हुन् ।

फतुवा बिजयपुर ११ हिमालिवासमा भेट्घाटको क्रममा कार्यकर्ताहरुले गाउँ टोल तथा पालिकामा विकासबारे मन्त्रीलाई प्रश्न राखेका थिए ।

स्थानियहरुले खाने पानी, ढल तथा नाला, बाटोघाटोको समस्याबारे राखेको जिज्ञासामा अर्थमन्त्री यादवले उक्त समस्याहरू तत्काल समाधान गर्ने प्रतिवद्धता जनाएका थिए । अर्थ मन्त्रीको कार्यभार सम्हाले पछि पहिलो पटक आफ्नो पालिका पुगेका सुनिल जितेन्द्रलाई जनप्रतिनिधि तथा नगरवासीले फूलमाला लगाई, खाँदा ओढाएर स्वागत गरेका थिए । समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले यसअघि क्षेत्र नं.३ को संघीय सांसदको रुपमा नेतृत्व गर्दा पनि सकेजति विकास गरेको दोहोर्याएका थिए । क्षेत्रवासीले दिएको प्रदेश सांसदको अभिभारा पनि पूर्ण इमान्दारीका साथ निभाउँदै अर्थ मन्त्रीको हैसियतले क्षेत्रको समग्र विकासमा कुनै कसर बाँकी नराख्ने उनले प्रतिबद्धता जनाए ।



**झुलनोत्सव पर्वः** महोत्तरीको मटिहानीस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागत रुपमा मनाइँदै आएको पौराणिक झुलनोत्सव पर्व (मेला(को रौनक । आउँदो पूर्णिमा दिनसम्म मनाइने झुलनोत्सवको अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन कलात्मक पालकीमा बाजागाजाका साथ भगवान रामसीताको मूर्ति राखि भजन किर्तन गर्दै झुला घरमा लगिने गरिन्छ । झुला पर्व त्रेतायुग देखि नै प्रारम्भ भएको मानिन्छ । तस्बिर सौजन्यः मो. इसराफिल राईन

# रौतहटमा १६ प्रतिवादी पक्राउ




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित प्रहरीले १६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला अदालतको फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना तोकिएर फरार रहेका १६ जना प्रतिवादीलाई जिल्ला प्रहरी तथा मातहतका युनिटहरुले पक्राउ गरेको हो । जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीका अनुसार खोजतलास गरी पक्राउ सबै जनालाई आवश्यक कारबाहीको लागि जिल्ला अदालत गौरमा उपस्थित गराइएको छ ।

पछिल्लो समय जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादी पक्राउ गर्ने अभियान चलाएको छ । त्यसैगरी रौतहटमा ट्राफिक प्रहरीले चेकजाँचको क्रममा सवारी नियम उलंघन गर्ने ९४८ सवारी चालक तथा धनीलाई कारबाही गरेको जनाइएको छ । उक्त कारबाहीबाट आठ लाख तीन हजार रुपैयाँ राजस्व संकलन गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# ट्याक्टर पल्टिँदा एकजनाको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जानकी टोलास्थितको नहरमा ट्याक्टर पल्टिँदा एकजनाको मृत्यु भएको छ । जानकी टोलाको प्रहरी चौकी नजिकै नहरमा ट्याक्टर अनियन्त्रित भई पल्टिँदा चालकको मृत्यु भएको हो । मृत्यु हुनेमा छिपहरमाई गाउँपालिकाको टिहुकी निवासी ५० वर्षीय प्रेम मुखिया बिन रहेका इलाका प्रहरी कार्यालय पोखरियाले जनाएको छ । सोमबार भाटा बाबाको मेला दर्शन गरी फर्कने क्रममा प्रदेश २–०३–००१ त ५३३९ नम्बरको ट्याक्टर अनियन्त्रित भइ दुर्घटनामा परेको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक राजन ढकालले पुष्टि गरे । घटनास्थलमा प्रहरी पुगेर मृतकको शव नहरबाट निकाल्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी वीरगंज महानगरपालिका वडा नम्बर १६ राधेमाईमा सोमबार करेन्ट लागेर एक जना घाइते भएका छन् ।

वीरगंज १६ राधेमाई अदालत पछाडी घरको छत ढलान गर्ने क्रममा ११ हजार भोल्टको तारबाट करेन्ट लागेर इमतजा मियाँ तेली घाईते भएका हुन् । घाईते इमजातको वीरगंज स्थित निलकण्ठ हस्पिटलमा उपचार भईरहेको परिवारजनले जनाएका छन् ।

# गोस्वामी तुलसीदासको जन्मजयन्ती मनाइयो



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम**
गोस्वामी तुलसीदासको जन्मजयन्ती बाह्रबिघास्थित तुलसी स्मारकमा हर्षोल्लासका साथ मनाइएको छ । तुलसी जयन्तीअघि सीताराम जाप नवाहको आयोजना गरिएको थियो ।

यस अवसरमा श्री रामानन्दीय श्री वैष्णव संप्रदाय जनकपुरधामका अध्यक्ष तथा जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवको नेतृत्वमा गोस्वामी तुलसीदास तस्वीरलाई सुसज्जित घोडा रथमा नगरको परीक्रमा गरिएको
थियो ।

उक्त अवसरमा रोशन दासले भने कि गोस्वामी तुलसी दासले त्यसबेला रामायण रचिएको थियो जुन समयमा विधर्मीहरू हिन्दूहरूलाई धर्म परिवर्तन गर्न बाध्य बनाएका थिए । उनले रामायणले मानिसलाई सही मार्गमा लाग्न प्रेरित गर्ने बताए । उनको चौपाई गूढ छ । उनले भने, 'त्यसैले मानिसहरूले यसलाई जात र महिलासँग जोड्छन् तर यसको अर्थ अर्कै हुन्छ ।' तुलसी जयन्तीका अवसरमा जनकपुरधामका सबै मठ, मन्दिर मन्दिरका साधु संतको उपस्थिति रहेको थियो । तुलसी जयन्तीको अवसरमा विशाल भण्डारा समेत आयोजना गरिएको थियो ।

## रामजानकी सूड़ी कुटीका अध्यक्षमा रामबालक महतो निर्वाचित



सूड़ी समाजद्वारा सञ्चालित श्री राम जानकी सूड़ी कुट्टी (लतराहा कुट्टी)को अध्यक्ष मा रामबालक महतो निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरुमा पुनम साह, सन्तोषकुमार साह, सन्तोषकुमार महतो, धर्मेन्द्र साह, अरुणकुमार नायक, सुजितकुमार महतो, विनोदकुमार साह, श्यामसुन्दर साह, नरेशकुमार महासेठ र रामप्रीत महतो सूड़ी निर्वाचित भएका छन् ।

# त्रिवि क्रिकेट रङ्गशाला स्तरोन्नतिबारे सम्बद्ध निकायबीच सहकार्य

**कीर्तिपुर ।**
त्रिभुवन विश्वविद्यालय परिसरस्थित क्रिकेट रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको निर्माण गर्नेबारे सम्बद्ध सरकारी निकायहरुले सहकार्य सुरु गरेका छन् । रङ्गशालाको स्तरोन्नतिको काम अघि बढाउन आइतबार सम्बद्ध मन्त्रालयहरु, त्रिवि र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिबीच छलफल भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्क घिसिङले जानकारी दिए । छलफलमा आवश्यक नीतिगत र भौतिक काममा समन्वय गर्ने सहमति भएको छ । नवगठित सरकारको पहिलो निर्णयका रुपमा मन्त्रिपरिषद्ले गत असार १३ गते आगामी तीन सय दिनभित्र त्रिवि क्रिकेट मैदानलाई सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको रङ्गशाला बनाउने निर्णय गरेको थियो । क्रिकेट मैदानमा प्यारापिट, रात्रिकालीन खेलका लागि फ्लडलाइट निर्माण गर्नेलगायत आवश्यक संरचना बनाउने निर्णयमा उल्लेख छ । 'सो निर्णयअनुसारका संरचना निर्माण गर्न त्रिवि, राखेप र शिक्षा, अर्थ तथा सहरी विकास मन्त्रालयबीच समन्वय गर्नुपर्ने भएकाले संयुक्त बैठक गरेर अघि बढेका हौँ', सदस्यसचिव घिसिङले भने । उनका अनुसार रङ्गशालामा फ्लडलाइट निर्माण गर्न यस अघि 'टेन्डर' गर्ने निर्णय भएको थियो । सो टेन्डरबारे सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन परेका कारण प्रक्रिया स्थगित भएको हो । उक्त समितिबाट निर्णय आएपछि काम अघि बढ्ने उनले बताए । यसैगरी, प्यारापिट निर्माण गर्न गुरुयोजना तयार भए पनि ठूलै बजेट आवश्यक भएकाले सहरी विकासमार्फत योजना सञ्चालन गर्ने तयारी छ । रङ्गशालाको स्तरीकरणका लागि त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट एसोसिएसन क्यानबीचको जग्गा भाडा सम्झौतासमेत नवीकरण गर्नुपर्ने अवस्थामा रहेको सदस्यसचिव घिसिङको भनाइ छ । त्रिविको आन्तरिक रङ्गशालाका रुपमा रहेको उक्त मैदान २०५२ सालमा २५ वर्षका लागि क्यानले भाडामा



लिएको थियो । त्यसको नवीकरण र अब बन्ने संरचनाका लागि त्रिविको सहमति आवश्यक हुने उनले बताए । बैठकमा सहभागी त्रिवि रजिष्ट्रार प्राडा केदारप्रसाद रिजालले संरचना निर्माणका लागि त्रिविले गनुपर्ने नीतिगत एवम् व्यावहारिक निर्णयहरु शिक्षा मन्त्रालयबाट भएको पत्राचारका आधारमा गर्ने जानकारी दिए । त्रिविको जग्गा भाडासम्बन्धी विषय त्रिवि सभाले निर्णय गर्नुपर्ने बताउँदै उनले हाल त्रिविको जग्गाको उपयोग सम्बन्धमा प्रश्न उठिरहेकाले जग्गासम्बन्धी विषय संवेदनशील भएको उल्लेख गरे । क्यानका सचिव एवम् पूर्वराष्ट्रिय कप्तान पारस खड्काले प्रधानमन्त्रीको निर्देशनसहित राज्यकै उच्च प्राथमिकतामा परेका कारण यसपटक क्रिकेट रङ्गशाला अन्तर्राष्ट्रिय स्तरको बन्नेमा आफू आशावादी रहेको बताए । 'देशमा एउटा ठूलो क्षमताको र स्तरीय रङ्गशालाको आवश्यकता धेरै अघि देखि महसुस भएको हो । त्यसका लागि अहिले सरकारले प्राथमिकता राखेको छ यो सकारात्मक छ', उनले भने । रासस

# परिणाम दिन नसक्रेले जिम्मेवारी छाड्नुपर्छः उद्योगमन्त्री




**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई भरपर्दो र विश्वासिलो संस्थाका रुपमा विकास गरिनुपर्ने बताएका छन् । कम्पनीको सोमबार आयोजित पाँचौ वार्षिकोत्सव समारोहमा मन्त्री भण्डारीले खाद्य व्यापार कम्पनीलाई जनउत्तरदायी संस्था बनाउन सबैको ध्यान जानुपर्ने बताए । सरकार र मातहतका निकायमाथि उठेका प्रश्नको जवाफ सकारात्मक नतिजाबाट दिनुपर्नेमा जोड दिँदै उनले परिणाम दिन नसक्नेले जिम्मेवारी छाड्नुपर्ने बताए ।

'खाद्य वस्तु उपलब्धताको अभाव भएका स्थानमा कम्पनीले प्राथमिकताका साथ सेवा दिनुपर्छ', मन्त्री भण्डारीले प्रश्न गरे, 'कम्पनीले बजारमा सकारात्मक हस्तक्षेप गर्न किन सकिरहेको छैन ? किन कार्य क्षेत्र विस्तार गर्न सकिएन ?' उनले परम्परागत रुपबाट कम्पनी चल्न नसक्ने जनाउँदै व्यावसायिक कार्ययोजना बनाउन सचेत गराए ।

देशका प्रमुख स्थानमा पर्याप्त भौतिक सम्पत्ति र पुँजी तथा यथोचित जनशक्ति हुँदा पनि व्यापार र कार्यक्षेत्र बढ्न नसक्नुमा कमजोरी भएको औँल्याउँदै मन्त्री भण्डारीले कम्पनीलाई सुदृढ बनाएर लैजान व्यवस्थापन र कर्मचारीलाई निर्देशन दिए । समारोहमा उत्कृष्ट घोषित कर्मचारीलाई सम्मान गरिएको थियो । रासस




# कांग्रेस बैठक १० दिनका लागि स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक १० दिनका लागि स्थगित गरिएको छ । गत बुधबार सुरु भएको बैठक सोमबारसम्म बसेपछि ७ भदौमा पुनः बस्ने गरी स्थगित भएको हो । महासमिति बैठक र केन्द्रीय समितिमा आएका धारणाहरु प्रतिवेदनमा समावेश गर्नका लागि १० दिन बैठक स्थगित गर्नुपरेको नेताहरुले बताएका छन् । केन्द्रीय समिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीति, महामन्त्री गगन थापाले सांगठनिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसायिक प्रतिवेदन पेश गरेका थिए । महासमिति बैठकको सुझाव र बदलिएको राजनीतिक घटनाक्रम अनुसार तीन नेताले प्रतिवेदन संशोधन सहित पेश गरेका थिए । पाँच दिन बैठक बसेर ७ भदौसम्मका लागि सारिएको छ । सोमबारसम्म अधिकांश केन्द्रीय समितिले बोलेर सकेका छन् । केही पूर्व पदाधिकारी सहित वर्तमान पदाधिकारीका बोल्न बाँकी रहेका छन् । आजको बैठकमा २० जनाले आफ्नो धारणा राखेका छन् । केन्द्रीय सदस्य डा.मिनेन्द्र रिजालले कांग्रेस र एमाले सम्मिलित सरकार बन्नु सकारात्मक पक्ष रहेको बताए । स्वास्थ्य तथा जनसंख्यामन्त्री एवं कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले मन्त्रालयगत विषयमा बढी समय खर्चिए । केन्द्रीय सदस्य मधु आचार्यले पार्टी विधान सानाका लागि लाग्ने तर उपल्लो तहका नलाग्ने संशय व्यक्त गरे । टिकट वितरणमा केन्द्रीय तहले विधान मिचेको उनले आरोप लगाए । केन्द्रीय सदस्य एवं उद्योगपति विनोद चौधरीले निजी क्षेत्रको विश्वासमा लिएर नेतृत्व गर्ने दल हाल नभएको टिप्पणी गरे । कांग्रेसका लागि निजी क्षेत्रको अगुवाई गर्ने अवसर रहेको नेतृत्वको ध्यानाकर्षण गराए । सोमबारको बैठकमा विधान संशोधनका लागि सुझाव कार्यदलका बारेमा पनि विषय उठेको छ ।

# सहकारी पीडितको आन्दोलनमा राजेन्द्र महतोको ऐक्यबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी पीडित राजेन्द्र स्थापितको शव लिएर आन्दोलन गरिरहेका आन्दोलनकारी तथा मृतक परिवारलाई राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले भेटघाट गरेका छन् । मृतक स्थापितको शव लिएर काठमाडौँको रत्नपार्कमा धर्नामा बसिरहेका आन्दोलनकारी तथा मृतक परिवारलाई संयोजक महतोले भेटेर मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् । सहकारीबाट आफ्नै बचतको पैसा फिर्ता नपाउँदा रकम अभावका कारण उपचार नपाउँदा सहकारी पीडित काठमाडौँ शंखमूल बस्ने राजेन्द्र स्थापितको मृत्यू भएको थियो । आन्दोलनकारी तथा परिवारजनलाई भेट्न रत्नपार्क पुगेका महतोले मृतक प्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै आन्दोलनमा ऐक्यबद्धता जनाएका हुन् । महतोले राज्य आफैँ ठगी धन्धामा लागेको र आम सर्वसाधारणले आफ्नो पैसा समेत फिर्ता नपाएर मृत्यूवरण गर्नु दुःखद रहेको बताए । उनले राज्य बहिरो रहेकोले जनतासँग कुनै मतलब नराखी दलाल, ठग तथा माफियाहरु पाल्नमै व्यस्ता रहेको बताए । आफूहरुको एउटा मुद्दा सहकारी पीडितलाई न्याय दिनुपर्ने समेत रहेको स्मरण गराउदै महतोले आन्दोलनमा आफुहरुको समेत साथ सहयोग रहने प्रतिवद्धता व्यक्त गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन